कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, संखुवासभा

खाँदबारी, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.:

## "जडीबुटी विरुवा माग सम्बन्धी सूचना"

(प्रथम पटक प्रकाशित मिति २०८३।०१।०३)

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार जडीबुटी विकास कार्यक्रम (संघ सशर्त अनुदान) संचालन गरिने भएको सन्दर्भमा जिल्ला स्तरीय जडीबुटी फोकल टिमको मिति २०८२।०१।०३ को बैठकबाट संखुवासभा जिल्लाका निम्न पकेट क्षेत्र अन्तर्गत तपसिलमा उल्लेखित जडीबुटी प्रजातिका विरूवा डिभिजन वन कार्यालयबाट वितरण गरी तत् क्षेत्रमा जडीबुटी संरक्षण तथा प्राकृतिक रुपमा रहेका जडीबुटी संरक्षण तथा खेती विस्तार गर्ने निर्णय भए अनुरूप यो सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित पकेट क्षेत्रका ईच्छुक सामुदायिक वन उपभोक्ता समूह, सहकारी (जडीबुटी तथा कृषि सहकारी। तथा किसानहरूले खेती गर्न चाहेको जडीबुटी प्रजातिहरूको तपसिल बमोजिम विवरण खुलाई यस कार्यालय अन्तर्गतको सम्बन्धित सब डिभिजन वन कार्यालय/ डिभिजन वन कार्यालय,खाँदवारीमा आजका मितिले (प्रथम पटक सूचना प्रकाशित मितिले) २१ दिन भित्र उल्लेखित प्रजातिका विरूवाहरुको माग निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ ।

तपसिल

| सि.न. | पकेट क्षेत्रको नाम | पकेट क्षेत्रमा पर्ने स्थानहरु | विरुवा उपलब्ध गराईने जडीबुटी प्रजातिहरु |
|---|---|---|---|
| १ | पूर्वी पकेट क्षेत्र | धर्मदेवी न.पा.को वडा नं.१<br>मादी न.पा.को वडा नं. १,२,९ र<br>चैनपुर न.पा.को वडा नं. १ र २ | दाँतिओखर, टिमुर तथा लौठसल्ला |
| २ | उत्तरी पकेट क्षेत्र | मकालु गा.पा.को वडा नं.५<br>चिचिला गा.पा.को वडा नं.१,२,३,४ र<br>खाँदवारी न.पा.को वडा नं. ६ र ११ | दाँतिओखर, टिमुर तथा लौठसल्ला |

निवेदनमा खलाउनु पर्ने विवरण/संलग्न गर्नु पर्ने कागजात

१. विरूवा मागकर्ता (समूह, सहकारी, किसान) को नाम, ठेगाना, संम्पर्क नं.
२. रोपण गर्न चाहेको विरूवाको प्रजाति र संख्या
३. विरूवा मागकर्ताको नागरिकता/ समूह/सहकारी दर्ता नं./प्रमाणपत्र)
४. विरूवा रोप्ने जग्गाको कित्ता नम्वर र क्षेत्रफल तथा सो जग्गाको धनीपूर्जाको प्रतिलिपी। सामुदायिक वनको हकमा व्लक नं., स्थान, क्षेत्रफल उल्लेख गर्नुपर्ने। सहकारीको हकमा सामुहिक वा समूहका सदस्यको विवरण र जग्गाको विवरण खुल्ने कागजातहरू समेत पेश गर्नुपर्ने।

उल्लेखित कागजातहरू संलग्न गरी विरुवा माग सम्बन्धी निवेदन डिभिजन वन कार्यालय, संखुवासभाको इमेल ठेगाना: dfosankhuwasabha@gmail.com तथा WhatsApp:977-9843176994 मा सिधै समेत पठाउन सकिनेछ।

धर्मदेवी नगरपालिकाको कार्यालय
मुढेशनिश्वर, संखुवासभा
दर्ता नं.: २३८
दर्ता मिति: २०८३।०१।१०

श्री कि...
प्रस्तुत जानकारी Website मा राख्ने तथा ... पठाउने
२०८३।१।११